# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।०३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरू पाँचु राय, वासुदेव तिमल्सिना र नारायण प्रसाद बराल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

- जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालीन उप-जिल्ला शिक्षा अधिकारी (साविक लालबन्दी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सर्लाहीका शिक्षा शाखा प्रमुख -उपसचिव) **वासुदेव तिमल्सिना**ले साविक डिम जनता उच्च माध्यमिक विद्यालय, सर्लाहीमा उच्च माध्यमिक शिक्षक अनुदान कोटामा नियुक्त नै नभएको पाँचु रायलाई उच्च माध्यमिक शिक्षक अनुदान कोटामा सरुवा पदस्थापन गर्न साविक जिल्ला शिक्षा कार्यालय, सर्लाहीको नियुक्ति समर्थन/अभिलेख कायम तथा सरुवा पदस्थापन विषयको नक्कली लिखत बनाई श्री केश्वर गरिब जनता माध्यमिक विद्यालय, सर्लाहीमा सरुवा पदस्थापना गरी बदनियतपूर्वक सार्वजनिक संस्थामा नक्कली शिक्षक हुने व्यवस्था मिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा ९ ले व्यवस्था गरेबमोजिम कैद र जरिवाना हुन;
- साविक श्री डिम जनता उच्च माध्यमिक विद्यालय, परवानीपुर, सर्लाहीका तत्कालीन प्राचार्य हाल रामअवतार जनता माध्यमिक विद्यालय, हरिवन, सर्लाहीका प्रधानाध्यापक **नारायण प्रसाद बराल**ले शिक्षक पाँचु रायलाई केश्वर गरिब जनता माध्यमिक विद्यालय, सर्लाहीको उच्च माध्यमिक शिक्षक अनुदान कोटामा सरुवा पदस्थापन गर्न साविक डिम जनता उच्च माध्यमिक विद्यालय, परवानीपुर, सर्लाहीको निर्णयानुसार भनी उच्च माध्यमिक शिक्षक, शिक्षक अनुदान कोटातर्फको अर्थशास्त्र विषयको शिक्षक पदमा करार नियुक्त गरेको भनी नक्कली लिखत बनाई ददनियतपूर्वक नियुक्तिको लिखत तयार गरी सार्वजनिक संस्थामा नक्कली शिक्षक हुने व्यवस्था मिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा ९ ले व्यवस्था गरेबमोजिम कैद र जरिवाना हुन;
- श्री केश्वर गरिब जनता माध्यमिक विद्यालय, हरिपूर्वा, सर्लाहीका शिक्षक **पाँचु राय**ले साविक डिम जनता उच्च माध्यमिक विद्यालय, सर्लाहीको निर्णयानुसार उच्च माध्यमिक शिक्षकको रुपमा करार नियुक्ति भएको भन्ने व्यहोरा उल्लेख भएको नियुक्तिको नक्कली लिखत तयार गर्न र साविक जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट उक्त नियुक्तिको समर्थन/अभिलेख कायम गरी केश्वर गरिब जनता माध्यमिक विद्यालय, हरिपूर्वा, सर्लाहीमा सरुवा पदस्थापनाको नक्कली लिखत तयार गर्न मिलोमतो गरी सोही नक्कली लिखतहरुको आधारमा केश्वर गरिब जनता माध्यमिक विद्यालय, हरिपूर्वा, सर्लाहीमा उच्च माध्यमिक शिक्षक अनुदान

कोटाको शिक्षकको पदमा कार्यरत रही सोही ओहोदाबाट २०७४ सालको निर्वाचनमा मतदान अधिकृतको समेत कार्य गरी पाँचु रायले नक्कली कागजातको आधारमा विद्यालयको शिक्षक बनी आफूले नपाएको ओहदा, अधिकार, हैसियतसमेतमा रहने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा १५ ले व्यवस्था गरेबमोजिम कैद र जरिवाना हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८, दफा २९ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८०/०९/२४ को फैसलाबाट —

क. प्रतिवादी पाँचु राय डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर, सर्लाहीको शिक्षक रहेको आधारमा नै तत्कालीन जिल्ला शिक्षा कार्यालयका उप जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिनाले निज पाँचु रायलाई केश्वर गरिव जनता माध्यमिक विद्यालय हरिपूर्वा सर्लाहीको समान शिक्षक पदमा सरुवा एवम् पदस्थापन गरेको देखिन आएकोले निज प्रतिवादी शिक्षक रहेको तथ्य स्थापित भई निजलाई तलब, भत्ता तथा सुविधा अविलम्व प्रदान गर्नु भनी उच्च अदालत जनकपुरबाट परमादेश जारी भई रहेको देखिन आएको हुँदा निज प्रतिवादी पाँचु राय उपर नपाएको ओहोदा वा हैसियत वा अधिकार प्राप्त गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर कायम गर्न मिल्ने नदेखिएको।

ख. प्रतिवादी पाँचु रायले आफूलाई डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर सर्लाहीले अर्थशास्त्र विषय पढाउने गरी करारमा नियुक्ती दिएको बेहोरा उल्लेख गरी बयान गरेको,

ग. डिम जनता उच्च माध्यमिक विद्यालयको पाँचु रायको नियुक्ती पत्रमा सो विद्यालयका प्राचार्य नारायण प्रसाद बरालले गरेको दस्तखत र पाँचु रायलाई केश्वर गरिब जनता माध्यमिक विद्यालयमा सरुवा पदस्थापन गरेको तत्कालीन जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिनाले पत्रमा गरेको दस्तखत समेत विधि विज्ञान प्रयोगशालाबाट परिक्षण भई आउदा निजहरुकै दस्तखतसंग मेल खाएको भन्ने राय प्राप्त भएको ।

घ. प्रतिवादी पाँचु रायको नियुक्ती तथा सरुवा पदस्थापनको पत्र नक्कली वा किर्ते बनाएको भन्ने वादी नेपाल सरकारले ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको । प्रतिवादी पाँचु रायले अध्यापन गरेको भनिएको पूर्व विद्यालयले निजको नियुक्ति भएको भन्ने निर्णय एवम् अभिलेख उक्त विद्यालयमा छैन भनेकै भरमा निजको नियुक्ति एवम् पदस्थापन नक्कली हो भनी भन्न मिल्ने अवस्था नरहेको।

लगायतका आधारमा प्रतिवादीहरूले आरोपीत कसूरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरू लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०२ मा पुनरावेदन गरिएको छ ।

**देहायः**

क) निज प्रतिवादी पाँचु रायलाई उच्च माध्यमिक शिक्षकको रुपमा मासिक तलव पाउने गरी १ वर्षको लागि करारमा नियुक्त गरेको र सोही नियुक्तिको आधारमा उच्च माध्यमिक तहको शिक्षक पदमा बहाल भई हाल सम्म पनि अविच्छिन्न रुपमा कामकाज गर्दै आउनु भएको भन्ने तथ्य श्री केश्वर गरिव उच्च माध्यमिक विद्यालयले जिल्ला शिक्षा कार्यालय सर्लाहीलाई पठाएको पत्र तथा निजको हाजिर पानाको प्रतिलिपीले समेत पुष्टि भएको । विवाद भएको विषय श्री केश्वर गरिव जनता माध्यमिक विद्यालयको नियुक्ती पत्रका सम्वन्धमा नभई डिम जनता माध्यमिक विद्यालय परवानीपुरको अनुदान कोटामा नियुक्त गरेको करार नियुक्ती पत्र तथा जिल्ला शिक्षा कार्यालय सर्लाहीको नियुक्ति समर्थन/अभिलेख कायम तथा

सरुवा पदस्थापन सम्वन्धी पत्रका बारेमा रहेको । प्रतिवादीहरुको गलत मनसाय तथा आपराधिक मनसाय रहेको भन्ने तथ्य यी कागजातबाट समेत पुष्टि भएको ।

- प्रतिवादी पाँचु राय एकै आ.व.मा श्री केश्वर गरिव जनता मा.वि. र डिम जनता मा.वि. दुवै विद्यालयमा करारमा नियुक्ति भएको देखिएको ।
- निज पदस्थापन भई जाने विद्यालय श्री केश्वर गरिब जनता मा.वि.मा रमाना पत्र सहित हाजिर हुन गएको नदेखिएको ।
- निज प्रतिवादी पाँचु रायको अनुसन्धानको क्रमको बयानको स.ज.९ अनुसार श्री केश्वर गरिब जनता माध्यमिक विद्यालयमा व्यवस्थापन समिति नभएको अवस्थामा अनुदान कोटा दिन नमिल्ने भएकोले साविक जिल्ला शिक्षा कार्यालय सर्लाहीले मलाई मिति २०७३।०९।०६ गतेको पत्रबाट डिम जनता मा.विको नियुक्ती समर्थन/अभिलेख कायम गरी श्री केश्वर गरिव जनता मा.वि.मा पदस्थापन गरेको देखिएको । स.ज. १२ मा जि.शि.का.मा कार्यरत उप जि.शि.अ. बासुदेव तिमल्सिना र योजना अधिकृत रामहरि रिजालसंग अनुदान कोटा ल्याउन कुरा भएको थियो तर डिम जनता मा.वि.बाट करारमा नियुक्त गरेको पत्रको सम्वन्धमा मलाई कुनै जानकारी थिएन भनी आफ्नै नियुक्ती पत्रको विषयमा व्यक्ति स्वयं अनविज्ञ हुनु पछि फेरी सोही नियुक्ती पत्रको आधारमा सेवा सुविधा प्राप्त गर्नको लागि रिट मार्फत परमादेशको आदेश गराउनु र उक्त परमादेशको आदेशलाई आधार बनाई प्रस्तुत मुद्दामा सफाईको आधारमा लिइनु कानून सम्मत हुन्छ अनुमान योग्य भएको । यसमा प्रतिवादीहरुले सम्भावित परिणाम ल्याउन चालेको कदम र कार्यले उनीहरुको आपराधिक कार्य तर्फको मनसाय मुखरित भएको ।

ख) प्रतिवादी पाँचु रायले आफूलाई डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर सर्लाहीले अर्थशास्त्र विषय पढाउने गरी करारमा नियुक्ती दिएको बेहोरा उल्लेख गरी बयान गरेको भन्ने सन्दर्भमा, निजले अनुसन्धानको क्रममा गरेको आफ्नै वयानमा डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुरबाट करारमा दिएको नियुक्ती पत्रको वारेमा आफूलाई कुनै जानकारी नभएको, मैले उक्त मा.वि.मा काम गरेको पनि छैन भनी उल्लेख गरेको वयानले निज प्रतिवादीको ईन्कारी वयान खण्डित देखिएको । साथै निजको अनुसन्धानको बयानको स.ज. १४ मा "श्री केश्वर गरिव जनता उच्च मा.वि.मा +२ संचालनको लागि जि.शि.का.बाट उपलब्ध गराउने अनुदान कोटाको लागि जि.शि.का.मा कार्यरत योजना अधिकृत रामहरि रिजालले मसँग २,२०,०००।— अक्षेरेपी रु दुईलाख विसहजार मात्र माग गरी आफ्नो सालोको छोराको बिजुली पसलमा मसँग पैसा राख्न लगाएर अनुदान कोटा उपलव्ध गराएको थियो" भनी वयान र अनुसन्धानका क्रममा गरेको वयानलाई अदालत समक्षको वयानमा समेत सनाखत गरेबाट निजको कसूरको मनसाय स्पष्ट भएको अवस्था रहेको।

ग) आरोप पत्रको मागदावी नै कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्थालाई हानी पुऱ्याउने बदनियतले त्यस्तो लिखत तयार गरेमा राष्ट्रसेवकलाई सजाय हुने भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ मा स्पष्ट व्यवस्था गरे बमोजिम नै आरोप पत्र दायर भएको अवस्थामा दस्तखत समेत विधि विज्ञान प्रयोगशालाबाट परिक्षण भई आउदा निजहरुकै दस्तखतसंग मेल खाएको भन्ने राय प्राप्त भएको भन्ने आधार ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण रहेको ।

घ) प्रतिवादी पाँचु रायको नियुक्ती तथा सरुवा पदस्थापनको पत्र नक्कली वा किर्ते बनाएको भन्ने वादी नेपाल सरकारले ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन भन्ने सन्दर्भमा, यदि प्रतिवादी पाँचु रायको नियुक्ती तथा सरुवा पदस्थापनको पत्र विधिपूर्वकको हुदो हो त कार्यालयमा उक्त पत्रसंग सम्वन्धित कागजात तथा फाइल लगायत टिप्पणीहरु कार्यालयमा सुरक्षित व्यवस्थित हुनु पर्ने हो । डिम जनता माध्यमिक विद्यालयको पत्र र उक्त विद्यालयको चलानीको प्रतिलिपी तथा जिल्ला शिक्षा कार्यालय सर्लाहीको पत्रबाट प्रतिवादी पाँचु रायको डिम जनता माध्यमिक विद्यालयमा नियुक्ती नभएकोले त्यससंग सम्वन्धित कुनै पनि कागजात नरहेको भनी उल्लेख भएको तथा शिक्षा विकास तथा समन्वय इकाइ, सर्लाहीको पत्रसाथ प्राप्त उक्त कार्यालयको चलानी रजिष्टरबाट समेत उक्त सरुवा पदस्थापनको पत्र चलानी भएको च.नं.८६२ मा अर्कै पत्र नेपाल बैंक लि.लाई चलानी गरेको देखिनुले पनि निज प्रतिवादीहरुको एकआपसको मिलेमतोमा नक्कली किर्ते काम भए गरेको पुष्टि हुँदा प्रतिवादीहरुलाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण हुँदा बदर भागी रहेको ।

ङ) प्रतिवादी पाँचु रायले अध्यापन गरेको भनिएको पूर्व विद्यालयले निजको नियुक्ति भएको भन्ने निर्णय एवम् अभिलेख उक्त विद्यालयमा छैन भनेकै भरमा निजको नियुक्ति एवम् पदस्थापन नक्कली हो भनी भन्न मिलेन भन्ने आधारका सन्दर्भमा, डिम जनता माध्यमिक विद्यालयले निज प्रतिवादी पाँचु राय यस विद्यालयमा नियुक्ति नभएकोले निजको कुनै पनि विवरण उपलव्ध गराउन नसकिएको भनि प्रष्ट जवाफ आएको अवस्थामा विद्यालयमा छैन भनेकै भरमा निजको नियुक्ति एवम् पदस्थापन नक्कली हो भनी भन्न मिलेन भन्ने वेतुकको आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | पाँचु राय, बासुदेव तिमल्सिना र नारायण प्रसाद बराल (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०११५२ फैसला मिति २०८०/० ९/२४) | नक्कली नियुक्ति एवं सरुवा पत्रको आधारमा शिक्षकको ओहदामा रही भ्रष्टाचार गरेको। | डिम जनता उच्च माध्यमिक विद्यालय, सर्लाहीका तत्कालीन प्राचार्य नारायण प्रसाद बरालले साविक डिम जनता उच्च माध्यमिक विद्यालय, सर्लाहीको उच्च माध्यमिक शिक्षक, शिक्षक अनुदान कोटामा पाँचु रायको करार नियुक्ति भएको भन्ने नक्कली करार नियुक्ति पत्रको लिखत तयार गरी दिएको र सोही नियुक्तिको आधारमा साविक जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालिन उप-जिल्ला शिक्षा अधिकारी वासुदेव तिमल्सिनाले उक्त नियुक्तिलाई समर्थन गर्ने गरी निज शिक्षकलाई केश्वर गरिब जनता माध्यमिक विद्यालय, सर्लाहीमा सरुवा पदस्थापन गरेको व्यहोराको नक्कली | **फैसलाः**<br>प्रतिवादीहरुले आरोपीत कसूरवाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क. प्रतिवादी पाँचु राय डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर, सर्लाहीको शिक्षक रहेको आधारमा नै तत्कालीन जिल्ला शिक्षा कार्यालयका उप जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिनाले निज पाँचु रायलाई केश्वर गरिव जनता माध्यमिक विद्यालय हरिपूर्वा सर्लाहीको समान शिक्षक पदमा सरुवा एवम् पदस्थापन गरेको देखिन आएकोले निज प्रतिवादी शिक्षक रहेको तथ्य स्थापित भई निजलाई तलब, भत्ता तथा सुविधा अविलम्व प्रदान गर्नु भनी उच्च अदालत जनकपुरबाट परमादेश जारी भई रहेको देखिन आएको हुँदा निज प्रतिवादी पाँचु राय उपर | **विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी फैसला गर्दा लिएका आधार, कारणहरु हदसम्म बदरबागी रहेकोः**<br>क. प्रतिवादी पाँचु राय डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर, सर्लाहीको शिक्षक रहेको आधारमा तत्कालीन जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिनाले निज पाँचु रायलाई केश्वर गरिव जनता माध्यमिक विद्यालय हरिपूर्वा सर्लाहीको समान शिक्षक पदमा सरुवा एवम् पदस्थापन गरेको देखिन आएकोले निज प्रतिवादी शिक्षक रहेको तथ्य स्थापित भई निजलाई तलब, भत्ता तथा सुविधा अविलम्व प्रदान गर्नु भनी उच्च अदालत जनकपुरबाट परमादेश जारी भई रहेको देखिन आएको हुँदा निज प्रतिवादी पाँचु राय उपर नपाएको ओहोदा वा हैसियत वा अधिकार प्राप्त गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर कायम गर्न मिल्ने देखिएन भन्ने आधारका सन्दर्भमा, निज प्रतिवादी पाँचु रायलाई उच्च माध्यमिक शिक्षकको रुपमा मासिक तलव पाउने गरी १ वर्षको लागि करारमा नियुक्त गरेको र सोही नियुक्तिको आधारमा उच्च माध्यमिक तहको शिक्षक पदमा बहाल भई हाल सम्म पनि अविच्छिन्न रुपमा कामकाज गर्दै आउनु भएको भन्ने तथ्य श्री केश्वर गरिव उच्च माध्यमिक विद्यालयले जिल्ला शिक्षा कार्यालय सर्लाहीलाई पठाएको पत्र तथा निजको हाजिर पानाको प्रतिलिपीले समेत पुष्टि भएको। विवाद भएको विषय श्री केश्वर गरिव जनता माध्यमिक विद्यालयको नियुक्ती पत्रका सम्वन्धमा नभई डिम जनता माध्यमिक विद्यालय परवानीपुरको अनुदान कोटामा नियुक्त गरेको करार नियुक्ती पत्र तथा जिल्ला शिक्षा कार्यालय सर्लाहीको नियुक्ति समर्थन/अभिलेख कायम तथा सरुवा पदस्थापन सम्वन्धी पत्रका वारेमा रहेको। प्रतिवादीहरुको गलत मनसाय तथा आपराधिक मनसाय रहेको भन्ने तथ्य यी कागजातबाट समेत पुष्टि भएको।<br>१) प्रतिवादी पाँचु राय एकै आ.व.मा श्री केश्वर गरिव जनता मा.वि. र डिम जनता मा.वि. दुवै विद्यालयमा करारमा नियुक्ति भएको देखिएको।<br>२) निज पदस्थापन भई जाने विद्यालय श्री केश्वर गरिव जनता मा.वि.मा रमाना पत्र सहित हाजिर हुन गएको नदेखिएको।<br>३) निज प्रतिवादी पाँचु रायको अनुसन्धानको क्रमको वयानको स.ज.९ अनुसार श्री केश्वर गरिव जनता माध्यमिक विद्यालयमा व्यवस्थापन समिति नभएको अवस्थामा अनुदान कोटा दिन नमिल्ने भएकोले साविक जिल्ला शिक्षा कार्यालय सर्लाहीले मलाई मिति २०७३।०९।०६ गतेको पत्रबाट डिम जनता मा.विको नियुक्ती समर्थन/अभिलेख कायम गरी श्री केश्वर गरिव जनता मा.वि.मा पदस्थापन गरेको देखिएको ।स.ज. १२ मा जि.शि.का.मा कार्यरत उप जि.शि.अ. बासुदेव तिमल्सिना र योजना अधिकृत रामहरि रिजालसंग अनुदान कोटा ल्याउन कुरा भएको थियो तर डिम जनता मा.वि.बाट करारमा नियुक्त गरेको पत्रको सम्वन्धमा मलाई कुनै जानकारी थिएन भनी आफ्नै नियुक्ती पत्रको विषयमा व्यक्ति स्वयं अनविज्ञ हुनु पछि फेरी सोही नियुक्ती पत्रको आधारमा सेवा सुविधा प्राप्त गर्नको लागि रिट मार्फत परमादेशको आदेश गराउनु र उक्त परमादेशको आदेशलाई आधार बनाई प्रस्तुत मुद्दामा सफाईको आधारमा लिइनु कति कानून सम्मत हुन्छ अनुमान योग्य भएको। यसमा प्रतिवादीहरुले सम्भावित परिणाम ल्याउन चालेको कदम र कार्यले उनीहरुको आपराधिक कार्य तर्फको मनसाय मुखरित भएको । प्रस्तुत सन्दर्भमा नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको (नेकाप २०७८, पौष, नि.नं. १०७४८) भ्रष्टाचार मुद्दामा "मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो त्यसैले यो सधैं मुखरित अवस्थामा सक्ने नदेखिएको। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने देखिएको। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने" भनि सिद्धान्त प्रतिपादन भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरुवापत्र बनाई दिएको र सोही नक्कली लिखतहरुको आधारमा पाँचु रायले केश्वर गरिब जनता माध्यमिक विद्यालय, हरिपूर्वा, सर्लाहीमा अनुदान कोटाको उच्च माध्यमिक शिक्षकको रुपमा कार्यरत रही आफूले नपाएको ओहदा, अधिकार, हैसियत समेत प्रयोग गर्ने गरी भएको कार्यहरुबाट निज प्रतिवादीहरुले भ्रष्टाचार गरेको कसूर पुष्टि भएको ठहर गरी अनुसन्धान कार्य पश्चात विशेष अदालत समक्ष मुद्दा दायर भएको अवस्था देखिन्छ। प्रतिवादी पाँचु रायको हकमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर गरेको देखिएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा | नपाएको ओहोदा वा हैसियत वा अधिकार प्राप्त गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर कायम गर्न मिल्ने नदेखिएको।<br>ख. प्रतिवादी पाँचु रायले आफूलाई डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर सर्लाहीले अर्थशास्त्र विषय पढाउने गरी करारमा नियुक्ती दिएको बेहोरा उल्लेख गरी बयान गरेको,<br>ग.डिम जनता उच्च माध्यमिक विद्यालयको पाँचु रायको नियुक्ती पत्रमा सो विद्यालयका प्राचार्य नारायण प्रसाद बरालले गरेको दस्तखत र पाँचु रायलाई केश्वर गरिब जनता माध्यमिक विद्यालयमा सरुवा पदस्थापन गरेको तत्कालीन जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिनाले पत्रमा गरेको दस्तखत समेत विधि विज्ञान प्रयोगशालाबाट परिक्षण भई आउदा निजहरुकै दस्तखतसंग मेल खाएको भन्ने राय प्राप्त भएको। | अवस्थामा उक्त सिद्धान्त प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको।<br><br>ख. प्रतिवादी पाँचु रायले आफूलाई डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुर सर्लाहीले अर्थशास्त्र विषय पढाउने गरी करारमा नियुक्ती दिएको बेहोरा उल्लेख गरी बयान गरेको भन्ने सन्दर्भमा प्रतिवादी पाँचु रायले अनुसन्धानको क्रममा गरेको आफ्नै वयानमा डिम जनता उच्च माध्यमिक विद्यालय परवानीपुरबाट करारमा दिएको नियुक्ती पत्रको वारेमा आफूलाई कुनै जानकारी नभएको, मैले उक्त मा.वि.मा काम गरेको पनि छैन भनी उल्लेख गरेको वयानले निज प्रतिवादीको ईन्कारी वयान खण्डित देखिएको। साथै निजको अनुसन्धानको वयानको स.ज. १४ मा "श्री केश्वर गरिव जनता उच्च मा.वि.मा +२ संचालनको लागि जि.शि.का.बाट उपलब्ध गराउने अनुदान कोटाको लागि जि.शि.का.मा कार्यरत योजना अधिकृत रामहरि रिजालले मसँग २,२०,०००।— अक्षेरेपी रु दुईलाख विसहजार मात्र माग गरी आफ्नो सालोको छोराको बिजुली पसलमा मसँग पैसा राख्न लगाएर अनुदान कोटा उपलव्ध गराएको थियो" भनी वयान र अनुसन्धानका क्रममा गरेको वयानलाई अदालत समक्षको वयानमा समेत सनाखत गरेबाट निजको कसूरको मनसाय स्पष्ट भएको अवस्था रहेको।<br><br>ग. डिम जनता उच्च माध्यमिक विद्यालयको पाँचु रायको नियुक्ती पत्रमा सो विद्यालयका प्राचार्य नारायण प्रसाद बरालले गरेको दस्तखत र पाँचु रायलाई केश्वर गरिब जनता माध्यमिक विद्यालयमा सरुवा पदस्थापन गरेको तत्कालीन जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिनाले पत्रमा गरेको दस्तखत समेत विधि विज्ञान प्रयोगशालाबाट परिक्षण भई आउदा निजहरुकै दस्तखतसंग मेल खाएको भन्ने राय प्राप्त भएको भन्ने सन्दर्भमा आरोप पत्रको मागदावी नै कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानी पुऱ्याउने बदनियतले त्यस्तो लिखत तयार गरेमा राष्ट्रसेवकलाई सजाय हुने भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ मा स्पष्ट व्यवस्था गरे बमोजिम नै राष्ट्रसेवकहरु डिम जनता उच्च माध्यमिक विद्यालयको पाँचु रायको नियुक्ती पत्रमा दस्तखत गर्ने सो विद्यालयका प्राचार्य प्रतिवादी नारायण प्रसाद बराल र उक्त नियुक्ति पत्रको आधारमा केश्वर गरिब जनता माध्यमिक विद्यालयमा सरुवा पदस्थापन गरेको तत्कालीन जिल्ला शिक्षा अधिकारी प्रतिवादी बासुदेव तिमल्सिना उपर गलत लिखत तयार गर्ने राष्ट्रसेवक उपर आरोप पत्र दायर भएको अवस्थामा दस्तखत समेत विधि विज्ञान प्रयोगशालाबाट परिक्षण भई आउदा निजहरुकै दस्तखतसंग मेल खाएको भन्ने राय प्राप्त भएको भन्ने आधार ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>घ. प्रतिवादी पाँचु रायको नियुक्ती तथा सरुवा पदस्थापनको पत्र नक्कली वा किर्ते बनाएको भन्ने वादी नेपाल सरकारले ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन भन्ने आधारका सन्दर्भमा, यदि प्रतिवादी पाँचु रायको नियुक्ती तथा सरुवा पदस्थापनको पत्र विधिपूर्वकको हुदो हो त कार्यालयमा उक्त पत्रसंग सम्वन्धित कागजात तथा फाइल लगायत टिप्पणीहरु कार्यालयमा सुरक्षित व्यवस्थित हुनु पर्ने देखिएको। डिम माध्यमिक विद्यालयको पत्र र उक्त विद्यालयको चलानीको प्रतिलिपी तथा जिल्ला शिक्षा कार्यालय सर्लाहीको पत्रबाट प्रतिवादी पाँचु रायको डिम जनता माध्यमिक विद्यालयमा नियुक्ती नभएकोले त्यससंग सम्वन्धित कुनै पनि कागजात नरहेको भनी उल्लेख भएको तथा शिक्षा विकास तथा समन्वय इकाइ, सर्लाहीको पत्रसाथ प्राप्त उक्त कार्यालयको चलानी रजिष्टरबाट समेत उक्त सरुवा पदस्थापनको पत्र चलानी भएको च.नं.८६२ मा अर्कै पत्र नेपाल बैंक लि.लाई चलानी गरेको देखिनुले पनि निज प्रतिवादीहरुको एकआपसको मिलेमतोमा नक्कली किर्ते काम भए गरेको पुष्टि हुँदा प्रतिवादीहरुलाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण हुँदा बदर भागी रहेको।<br><br>**क.** प्रतिवादी पाँचु रायले अध्यापन गरेको भनिएको पूर्व विद्यालयले निजको नियुक्ति भएको भन्ने निर्णय एवम् अभिलेख उक्त विद्यालयमा छैन भनेकै भरमा निजको नियुक्ति एवम् पदस्थापन नक्कली हो भनी भन्न मिलेन भन्ने आधारका सन्दर्भमा, अभिलेख विद्यालयमा छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १५ ले व्यवस्था गरे बमोजिम कैद र जरिवाना गर्न मागदाबी लिइएको, प्रतिवादीहरु वासुदेव तिमल्सिना र नारायण प्रसाद बरालको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिएकोले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ९ ले व्यवस्था गरे बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको। | घ. प्रतिवादी पाँचु रायको नियुक्ती तथा सरुवा पदस्थापनको पत्र नक्कली वा किर्ते बनाएको भन्ने वादी नेपाल सरकारले ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको।<br>प्रतिवादी पाँचु रायले अध्यापन गरेको भनिएको पूर्व विद्यालयले निजको नियुक्ति भएको भन्ने निर्णय एवम् अभिलेख उक्त विद्यालयमा छैन भनेकै भरमा निजको नियुक्ति एवम् पदस्थापन नक्कली हो भनी भन्न मिल्ने अवस्था नरहेको। | भन्नुको पनि २ वटा आधारबाट हेरिनु पर्ने देखिएको।एउटा आधार भनेको अभिलेख हुनु पर्ने तर कुनै मानविय वा प्राकृतिक विपदका कारण अभिलेख नष्ट भएकाले उपलब्ध गराउन नसकिएको हुन्छ भने दोस्रो आधार भनेको सो सम्वन्धमा कुनै काम नै नभएकोले अभिलेख नै नभएको भन्ने हुन्छ यहाँ डिम जनता माध्यमिक विद्यालयको पत्रले दोस्रो आधार ग्रहण गरेको देखिएको । जुन व्यक्ति उक्त विद्यालयमा कहिल्यै पनि नियुक्तिको लागि नगएको, कुनै निवेदन पेश समेत नगरेको व्यक्ति उक्त विद्यालयको कर्मचारी नियुक्ति हुन सक्ने अवस्था नै नभएको। सोही कारण डिम जनता माध्यमिक विद्यालयले निज प्रतिवादी पाँचु राय यस विद्यालयमा नियुक्ति नभएकोले निजको कुनै पनि विवरण उपलव्ध गराउन नसकिएको भनि प्रष्ट जवाफ आएको अवस्थामा विद्यालयमा छैन भनेकै भरमा निजको नियुक्ति एवम् पदस्थापन नक्कली हो भनी भन्न मिलेन भन्ने वेतुकको आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको। |